# तारकेश्वर नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी मापदण्ड, २०७६

**प्रमाणीकरण मितिः २०७६।०८।१७**

**प्रस्तावना** : कृषि शाखाको मुख्य कार्य भनेको कृषि विकासको लागि कृषि प्रसार गर्नु हो । यसैलाई मध्यनजर गरी तारकेश्वर नगरपालिकाको विभिन्न प्रकारका कृषि प्रसार कार्यक्रमहरु संचालन गर्दै आएको छ । कृषि प्रसार कार्यक्रमहरु नगरपालिका मार्फत कृषक समूह, कृषि सहकारी संस्था, कृषि फार्महरुको सक्रिय सहभागितामा सञ्चालन हुदै आएका छन् । कृषि प्रसार कार्यक्रमहरु सञ्चालन गर्दा एकरुपता हुन जरुरी हुन्छ । यस्ता कार्यक्रमहरुको कार्यान्वयनमा एकरुपता तथा प्रभावकारिता ल्याउन कार्यक्रमको प्राविधिक र आर्थिक मापदण्ड तथा कार्यविधिको आवश्यकता पर्दछ । यी मापदण्ड तथा निर्देशिकाहरुले विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने आधार प्रदान गर्नुका साथै सेवा प्रवाहमा एकरुपता कायम गर्न मद्दत पुर्याउदछ । तसर्थ कृषि प्रसार कार्यक्रम कार्यान्वयनको लागि यो प्राविधिक तथा आर्थिक मापदण्ड, २०७६ तयार गरिएको छ ।

## परिच्छेद–१

## संक्षिप्त नाम र परिभाषा

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस मापदण्डको नाम “तारकेश्वर नगरपालिकाको कृषि विकास कार्यक्रम संचालन सम्बन्धी मापदण्ड २०७६” रहेको छ ।

(२) यो मापदण्ड तुरुन्त लागु हुने छ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मापदण्डमा,-

(क) “कृषक” भन्नाले कृषक, कृषक समूह, कृषि सहकारी र व्यवसायिक कृषि फर्म क्षेत्र समेतलाई जनाउने छ ।

(ख) “नगरपालिका” भन्नाले तारकेश्वर नगर कार्यपालिकालाई जनाउने छ ।

(ग) “शाखा” भन्नाले तारकेश्वर नगरपालिका मातहतको नगर कृषि विकास शाखालाई जनाउने छ ।

(घ) “पकेट क्षेत्र” भन्नाले सङ्घीय सरकारले समय समयमा तोकिदिएको पकेट क्षेत्र जनाउने छ ।

(ङ) “मिनि किट” भन्नाले सङ्घीय सरकारले समय समयमा तोकिदिएको तरकारीको विउविजन भएको मिनि किट जनाउने छ ।

## परिच्छेद–२

## कार्यक्रमको प्राविधिक र आर्थिक पक्ष

३. **कृषि प्रसार कार्यक्रम, कृषक समुह गठन र पुनर्गठन** :

३.१ **उद्देश्यः**

समूह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि प्रसार सेवालाई टेवा पुर्याउने यो कार्यक्रमको उद्धेश्य रहेको छ।

३.२ **कार्यविधिः**

कृषकहरुलाई समूहमा संगठित वा पुनर्गठित हुनको निमित्त कृषि प्रसार कार्यकर्ताहरुले विभिन्न लक्षित ठाउँमा कृषक भेला गरी १५ देखी २५ जना कृषकहरुको सहभागीता रहने गरी कृषक समुहको गठन गर्न सकिने छ । कृषक समुहका सदस्यहरुको नागरिकता प्रमाण-पत्रको प्रतिलिपि, विधान र निवेदन दस्तुर वापत रु. १००।- साथै राखि शाखामा कृषक समुह दर्ताका लागि निवेदन दिनु पर्ने छ। पेश भएको निवेदन जाँचबुझ गर्दा उपयुक्त देखिएमा अनुसूची-१ मा तोकिएको ढाँचामा प्रमाण-पत्र प्रदान गरिने छ। प्रमाण-पत्रको अवधी एक वर्षको हुनेछ । प्रमाण-पत्रको म्याद सकिएको मितिले ३५ दिन भित्रमा रु ५०।- तिरी नविकरण गर्न सकिने छ। म्याद सकिएको ३६ औं दिन देखी एक वर्षसम्म रु १००।- र सो भन्दा बढी अवधी भएमा प्रति वर्ष रु १००।- को दरले हुने रकम नविकरण शुल्क लाग्नेछ।

३.३ **आर्थिक मापदण्डः**

(१) समुह गठन कार्यमा प्रति समूह बढिमा रु ५,०००। -सम्म खाजा तथा स्टेशनरी आदिमा खर्च गर्न सकिनेछ।

(२) कृषि पेशा अंगालेका कृषकलाई प्राथमिकता दिई सहभागी छनौट गरिनेछ।

(३) तालिम व्यवस्थापनमा संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ।

(क) सहभागी हुने कृषकहरुलाई तालिम बारे जानकारी गराई सहभागिता गराउनु पर्नेछ।

(ख) तालिम कार्यक्रममा शैक्षिक सामग्रिहरु (श्रव्य दृश्य सामग्रीहरु समेत) को व्यवस्था मिलाउनुका साथै फिल्ड भ्रमण, प्रयोगात्मक कक्षाको व्यवस्था भएमा सम्बन्धित संस्थाहरुसँग पूर्व सम्पर्क राखी कार्यक्रम सुनिश्चित गरिने छ।

## ४. <u>तालिम कार्यक्रम</u> :

### ४.१ नगरपालिका स्तरीय कृषक तालिम :

नगरपालिका क्षेत्रभित्रका कृषिका विभिन्न विषयसँग सम्बन्धित बिशेष तालिमहरु ३ देखि ५ दिनसम्म सञ्चालन गरिनेछन् । यस तालिममा १५ देखी २५ जना सम्म कृषक सहभागी हुनेछन् । तालिममा १ घण्टा ३० मिनेटका दरले प्रति दिन ४ वटा कक्षा रहनेछन् ।

४.१.१ **उद्धेश्यः**

यस तालिमको मुख्य उद्धेश्य कृषकहरुको ज्ञान, शिप अभिवृद्धि गर्ने रहेको छ ।

४.१.२ **कार्यविधिः**

(१) समूहमा योगदान पुर्याएको, आफुले सिकेको कुरा अरुलाई सिकाउन अग्रसर रही कृषि विकासमा केही गरौ भन्ने भावना भएको कृषक छनौट गरिने छ ।

(२) तालिम व्यवस्थापनमा तालिम संयोजकले निम्नानुसार कार्य गर्नुपर्नेछ ।

(क) सहभागी हुने कृषकहरुलाई तालिमको जानकारी गराई सहभागिता गराउनु पर्ने छ ।

(ख) तालिम कार्यक्रममा शैक्षिक सामग्रीहरु (श्रव्य दृश्य सामग्रीहरु समेत) को व्यवस्था मिलाउनुका साथै फिल्ड भ्रमण, प्रयोगात्मक कक्षाको व्यवस्था भएमा सम्बन्धित संस्थाहरुसँग पूर्व सम्पर्क राखी कार्यक्रम सुनिश्चित गरिने छ ।

४.१.३ **आर्थिक मापदण्डः**

अनुसूची ३ मा उल्लेख भए बमोजिम हुनेछ ।

### ४.२ घुम्ती स्थलगत कृषक तालिम :

विभिन्न प्रभाव क्षेत्र भित्रका पकेट क्षेत्रभित्रका तथा अन्य कृषक समुहलाई १ दिनको छोटो अवधिको कृषक तालिम सञ्चालन गर्ने कार्य जरुरी भएको र पकेट क्षेत्रका कृषकहरुको समस्या कृषकहरुको घरदैलोमा नै समाधान गर्ने र समयसापेक्ष नयाँ प्रविधिहरु कृषक समक्ष पुर्‍याउन यस्तो तालिमको अहम् भूमिका रहेकोले यस किसिमको तालिम पकेटक्षेत्रमा तथा कृषक समूहरुका लागि सञ्चालन गरिने छ ।

४.२.१ **उद्देश्यः**

(१) प्रांगारिक खेती, कौशी तरकारी खेती, करेशावारी, खाधान्न वाली, वागवानी, मौरी, च्याउ, माटो परिक्षण लगायत अन्य महत्वपूर्ण प्रविधिको समय सापेक्ष रुपमा प्रसार एवं ज्ञान हस्तान्तरण गर्न यो कार्यक्रम सञ्चालन गरिने छ।

(२) सम्बन्धित बालिको पकेटक्षेत्र एवं कृषकहरुलाई आई परेका समस्याहरुको स्थलगत रुपमै समाधान गर्ने सीप प्रदान गरिने छ।

(३) कृषकहरुलाई प्रविधि अनुसरण गर्न उत्प्रेरित गर्ने र जागरुक कृषकलाई प्राविधिक ज्ञान दिलाउने कार्य गरिने छ।

४.२.२ **कार्यविधिः**

(१) घुम्ति स्थलगत तालिम १ दिनको हुने छ।

(२) तालिममा ५० प्रतिशत महिला सहित न्युनतम १५ र बढीमा२५ जना सहभागी रहने छन्।

(३) तालिम कार्यक्रम स्थानिय वडासँग समन्वय गरी सञ्चालन गरिने छ।

(४) तालिममा सहभागी हुने कृषकहरुले होटलबास खर्च पाउने छैनन्।

(५) तालिममा १ घण्टा ३० मिनेट का दरले ४ वटा कक्षा भन्दा बढि कक्षा सञ्चालन गरिने छैन।

४.२.३ **आर्थिक मापदण्ड** :

अनुसूची-३ मा उल्लेख भएबमोजिम हुनेछ।

५. **नगरपालिका स्तरिय कृषक गोष्ठी** :

कृषकको लागि तयार पारिएका कार्यक्रमहरुमा कृषकको पृष्ठपोषण (Feedback) अनिवार्य हन्छ । तसर्थ कृषहरुलाई एकीकृत गरी कृषिका विविध विषयहरुमा छलफल, बहस बिश्लेषण गर्ने प्रयोजनका लागि नगरस्तरिय कृषक गोष्ठी आयोजना गरिनेछ।

**५.१ उद्देश्य :**

योजना कार्यान्वयन चक्र योजना निर्माण देखि कार्यान्वयन, मल्याङ्कनसम्ममा कृषकहरुसंग औपचारिक एवं अनौपचारिक रुपमा छलफल, बहस बिश्लेषण गर्ने अवसर प्रदान गर्ने र ती कार्यहरुमा कृषकहरको भूमिका बारेमा ज्ञान अभिवृद्धि गराउन यो कार्यक्रम आयोजना गरिनेछ।

**५.२ कार्यविधि :**

सहभागी कृषकहरुलाई १ दिने गोष्ठीको मिति निर्धारण भएपछि अग्रिम रुपमा सूचिकृत गरिनेछ । सकेसम्म सहभागीहरुलाई बढी भन्दा बढी छलफलमा भाग लिने वातावरण गराई उनीहरुबाट अन्तिम निक्यौल निकालिनु पर्दछ। कृषकहरु सहभागी गराई यस्ता गोष्ठीको सुरवात कृषि प्रसार कार्यकर्ताबाट सुरु गरी कृषहरुलाई छलफलमा अभिप्ररित गर्दै सबैको सहभागिता जुटाइनेछ।

**५.३ आर्थिक मापदण्ड :**

अनुसूचि-३ मा उल्लेख भए बमोजिम हुनेछ।

६. **दिवस कार्यक्रम :**

**६.१ राष्ट्रिय धान दिवस :**

नेपालको प्रमुख खाद्यवालीको रुपमा रहेको धान खेति बारे जनसमुदायमा चेतना अभिवृद्धि गराउनका लागि अन्तर्राष्ट्रिय धान दिवसका दिन यो कार्यक्रम सञ्चालन गरिनेछ।

६.१.१ **उद्देश्य:**

नगरपालिकाका जनप्रतिनिधि, महिला, कृषकहरुलाई धान दिवसमा सहभागि गराई जनसमदायमा धानका विविध पक्षका बारेमा अवगत गराउनु प्रमुख उद्देश्य रहेको छ।

६.१.२ **कार्यविधिः**

धन दिवसको प्रतिवेदनको साथ साथै नगरपालिका भित्र कृषकहरु एक ठाँउमा जम्मा गरि सञ्चालन गरिएको कार्यक्रम विवरण सहित प्रतिवेदन सम्बन्धित निकायमा पठाउनु पर्नेछ।

६.१.३ **आर्थिक मापदण्डः**

अनुसूचि-३ मा उल्लेख भए बमोजिम हुनेछ।

**६.२ नगरपालिका स्तरिय उत्कृष्ट कृषक सम्मान कार्यक्रमः**

६.२.१ **उद्देश्यः**

१. उन्नत मल, विउ, प्रविधिहरु अपनाउने कृषकहरुका साथै नयाँ मल, विउ, प्रविधि अपनाई नसकेका कृषकहरुलाई समेत नयाँ तथा उन्नत मल, विउ, प्रविधि अपनाउन प्रोत्साहित गर्न र कृषकको योगदानको कदर गर्नका लागि समेत उत्कृष्ठ कृषक सम्मान कार्यक्रम सञ्चालन गरिनेछ।

२. यस कार्यक्रमको माध्यमबाट उत्पादकत्व र उत्पादन वृद्धि गर्न चाहने कृषकहरुको अभिलाषा परा गर्दै कृषकको आत्मविश्वास अभिवृद्धि गर्न विषेश योगदान पुग्नेछ।

६.२.२ **कार्यविधिः**

मूल्यांकनको लागि प्राविधिक टोली गठन गरी अनुगमन र मूल्यांकनको आधारमा उन्नत प्रविधि अपनाउने कृषकहरुलाई खाद्यान्न बाली, व्यवसायिक तरकारी खेती, मौरी पालन, च्याउ उत्पादन, पुष्प खेती, फलफुल नर्सरी समूहमा विभाजन गरी समूहगत रुपमा कृषकहरुलाई पुरस्कृत गरिनेछ।

**६.३ खाद्यान्न, तरकारी, च्याउ, मौरी उत्पादन, पुष्प खेती, फलफुल नर्सरी प्रतियोगिताः**

कृषि प्रसारको सिद्धान्त अनुसार कृषकहरुलाई मानसिक रुपमा प्रोत्साहन गरेपछि मात्र उसलाई नयाँ प्रविधि अपनाउने वातावरण दिन सकिने हुँदा नगरपालिकाका कृषकहरुलाई उन्नत प्रविधि अपनाउने तर्फ अग्रसर गराई अत्यधिक उत्पादन, उत्पादकत्व र प्रतिस्पर्धात्मक खेती गराउन यस्तो प्रतियोगिता आयोजना गरिनेछ । यस्ता प्रतियोगिताहरुको माध्यमबाट कृषि प्रविधिको प्रचार प्रसार गर्न र कृषि प्राविधिकको राय सल्लाह अनुसार खेती गर्न प्रोत्साहन गरिनेछ।

६.३.१ **कार्यविधि** :

(१) विषयगत प्रतियोगिता सञ्चालन यसै मापदण्डमा उल्लेख भए बमोजिम सञ्चालन गरिनेछ । प्रतियोगितालाई निष्पक्ष र उद्धेश्यमूखी बनाउने तर्फ जोड दिईनेछ।

(२) खाद्यान्न बाली, तरकारी, च्याउ, मौरी, पुष्प खेती, फलफुल नर्सरी प्रतियोगिता कम्तीमा ५ जना कृषकहरुको सहभागिता रहनेछ । ५ जना भन्दा कम

कृषक सहभागी हुने भएमा त्यस्तो समूहको प्रतियोगिता सञ्चालन गरिनेछ।

(३) प्रतियोगितामा भाग लिन चाहने कृषकहरुले बाली लगाउनु भन्दा एक महिना अगाडी बालीको जात, बीउ उपलब्ध गर्ने श्रोत, उत्पादन बढाउन अपनाइने उन्नत प्रविधि, मल, बीउ ईत्यादी खोलिएको अनुसुची २ अनुसारको दरखास्त फाराम भरी कार्यालयमा दर्ता गराउनुपर्नेछ ।

(४) प्रतियोगी कृषकले उन्नत प्रविधि अपनाई खेती गनुपर्नेछ । सो गरेको नगरेको सम्बन्धमा शाखाले कृषि प्राविधिक टोली खटाई टोलीबाट समय समयमा बाली लगाईएको प्लटको निरिक्षण गरी शाखामा प्रतिवेदन पेश गर्नुपर्नेछ ।

(५) बाली तयार भएपछी प्रतियोगी कृषकहरुले बाली कटानी गर्ने दिन किटानी गरी लिखित सूचना शाखालाई दिनुपर्नेछ।

(६) साना किसानको सहभागिता सुनिश्चितताको लागि व्यवसायिक तरकारीको लागि ३ रोपनी खाद्यान्नको लागि ५ रोपनीसम्म जग्गा भएका किसानहरु समेत प्रतियोगितामा सहभागी हुन सक्नेछन् ।

(७) कृषि प्रसार कार्यकर्ताले १ दिनमा कम्तिमा ३ जना कृषकहरुको कटानी चुटानी आदि कार्यको निरीक्षण गर्नेछन् ।

६.३.२ **मूल्यांकन प्रक्रिया** :

प्रतियोगितात्मक कृषि उत्पादनको मूल्यांकन देहाय बमोजिम गरिने छ ।

(१) उत्पादन मूल्यांकनः ८० प्रतिशत

(२) कृषकको कार्य व्यवहार मूल्यांकनः २० प्रतिशत

(१) कृषकको व्यवसायिक उद्यमशीलताः- उत्तम ५, मध्यम ४, सामान्य ३

(२) उन्नत प्रविधिबारे ज्ञान र अनुसरण (बिउ, मलखाद, बाली संरक्षण)ः- उत्तम ५, मध्यम ४, सामान्य ३

(३) कृषकको अग्रसरताः उत्तम ५, मध्यम ४, सामान्य ३

(४) सम्पर्क तथा समन्वय
(कृषक सम्बन्धी संस्था): उत्तम ५, मध्यम ४, सामान्य ३

६.३.३ **आर्थिक मापदण्ड** :

अनुसुची ३ मा उल्लेख भए बमोजिम हुनेछ।

७. **विशेष अनुदानमा कृषि औजार, उपकरण, सामाग्रीहरु वितरण कार्यक्रम** :

स्प्रेयर, प्लाष्टिक सिट, क्रेट, बीउ विजन, नेट, हजारी, मौरीघार, पावर टिलर, अदुवा, बेसार लगायतका अत्यावश्यक कृषि सामाग्री र उपकरणहरु कृषकहरुलाई सहज रुपमा उपलब्ध गराउन यो कार्यक्रम सञ्चालन गरिनेछ। खेतीयोग्य जमिन भए तापनि बाँदर लाग्ने क्षेत्रमा अदुवा, बेसार जस्ता बाँदरले क्षती पुर्‍याउन नसक्ने बाली लगाउन प्रोत्साहन गरिनेछ।

यस्ता सामाग्रीहरु शाखाले सार्वजनिक सूचना प्रकाशित गरी निवेदन माग गर्नेछ र छनौटमा परेका कृषकहरुलाई परेको मूल्यको ५० प्रतिशत मूल्य अनुदानमा उपलब्ध गराईनेछ। बाँदर लाग्ने क्षेत्रमा लगाईने अदूवा, बेसार जस्ता सामाग्रीमा शत प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ।

८. **उन्नत बीउ कीट वितरण** :

कुनै स्थान विशेषमा सफल भएको भनि प्रमाणित भएको कुनै पनि उन्नत या स्थानीय जातको बीउलाई सोही स्थानको हावापानीसँग मिल्दो अन्य कुनै ठाउँमा विस्तार गर्न उन्नत बीउ, किट वितरण गरी यो कार्यक्रम सञ्चालन गरिनेछ।

८.१ **उद्धेश्य** :

कुनै एक स्थानमा लोकप्रिय भएको तरकारी र बालीका बारेमा त्यस स्थानको आसपासका कृषकहरुलाई जानकारी दिन वा सोही स्थानको हावापानीसँग मिल्दो अन्य उपयुक्त ठाउँमा बीउ प्रसारण र विस्तार गर्नु यस कार्यक्रमको उद्धेश्य रहेको छ।

८.२ **कार्यविधि** :

कुनै एक ठाउँमा लोकप्रिय देखिएको तरकारी र बालिको विउ खरिद गरी स-साना प्याकेटमा राखी निम्नानुसारका जानकारी गराई अन्य ठाउँका कृषकहरुलाई वितरण गरिनेछ।

१. विउको जात, विउ लगाउने समय, मल हाल्ने समय, सिंचाई गर्ने र कटौती गर्ने समय, अनुमानित उत्पादन, विउ उपलब्ध हुने क्षेत्रहरु आदि विवरण बारे कृषकहरुलाई जानकारी गराउनुपर्नेछ।

२. कृषकको नाम, ठेगाना, विउ लगाईएको समय, प्रयोग भएको मलखादको मात्रा र समय, प्रयोग गरिएका प्रविधिहरु र समय, विउ प्रति कृषकको धारणा जस्ता विवरणहरु शखाले समेत अभिलेख तयार गरिराख्नुपर्ने छ।

३. कृषकले मन पराएमा सोही विउबाट क्षेत्र विस्तार गर्न सकिनेछ।

४. तरकारी र वालिको विउ वितरण गर्नका लागि शाखाले सार्वजनिक सूचना प्रकाशित गरी निवेदन माग गर्नेछ र छनौटमा परेका कृषकहरुलाई परेको मूल्यको ५० प्रतिशत मूल्य अनुदानमा उपलब्ध गराईनेछ। तर तरकारी विउको मिनि किट निशुल्क वितरण गरिनेछ।

**८.३ आर्थिक मापदण्ड** :

नगरपालिका क्षेत्र भित्र माग अनुसार प्रमाणिक उन्नत विउ परल मूल्यमा ५० प्रतिशत मूल्य अनुदान दिई वितरण गरिनेछ। तरकारीको मिनि किट प्याकिङका लागि प्रति किट रु.३००।- सम्म खर्च गर्न सकिनेछ।

९. **विभिन्न फलफुलका विरुवाहरु ढुवानी तथा वितरण** :

फलफुलका बोट विरुवाहरु श्रोतकेन्द्र वा निजी नर्सरीबाट ल्याई कृषकहरुलाई ५० प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ। श्रोत केन्द्र वा निजी नर्सरीबाट बोट विरुवा उचित प्याकेजिङ र ढुवानी गर्दा १० प्रतिशतसम्म मोर्टालिटी दर मानि अनुदान उपलब्ध गराउन सकिनेछ।

**९.१ उद्धेश्य** :

उन्नत जातको फलफुलको बोट विरुवाहरु वितरण गरी फलफुलको उत्पादन तथा उत्पादकत्वमा अभिवृद्धी गर्नु यस कार्यक्रमको उद्धेश्य रहेको छ।

**९.२ कार्यविधि** :

कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने फलफुलको बोटविरुवाहरु श्रोतकेन्द्र वा निजी नर्सरीबाट शाखासम्म ढुवानी गरिनेछ।

**९.३ आर्थिक मापदण्ड** :

फलफुलको बोट विरुवाको स्थानीय दररेटको ५० प्रतिशत अनुदानमा उपलब्ध गराईनेछ। श्रोतकेन्द्र वा निजी नर्सरीबाट शाखा सम्म ढुवानी गर्दा लागेको खर्च अनुदान दिईनेछ। फलफुलको बोट विरुवाहरु श्रोत केन्द्र वा निजी नर्सरीबाट शाखामा पुर्‍याउँदा पुर्‍याउँदै मर्न सक्ने हुँदा सो अवस्था हेरी १० प्रतिशतसम्म मोर्टालिटी अनुदान दिन सकिनेछ।

१०. **आकस्मिक बाली संरक्षण (जैविक विषादी) :**

नगरपालिकाको विभिन्न स्थानमा किरा, रोग आदिले बाली नाली नोक्सान गर्ने र कहिलेकाँही यसले प्रकोपकै रुप लिन सक्ने हुँदा यस्तो अवस्थामा आकस्मिक बाली संरक्षण सेवा उपलब्ध गराईनेछ।

१०.१ **उद्धेश्य :**

रोग किराको प्रकोपबाट बाली संरक्षण गर्न जैविक विषादी उपलब्ध गराई कृषक, कृषक समूह, कृषि सहकारी, कृषि व्यवसायिक फर्महरुलाई आकस्मिक सेवा पुऱ्याई कृषि प्रणालीमा उत्प्रेरित गर्नु यस कार्यक्रमको प्रमुख उद्धेश्य हो।

१०.२ **कार्यविधि :**

(१) रोग किराको प्रकोप देखिनासाथ प्रकोपको विवरण सहित नियन्त्रणका सम्भाव्य प्रक्रिया बारेमा छलफल र विश्लेषण गरिनेछ।

(२) यसरी अनुरोध गर्दा जैविक विषादी के कति आवश्यक परेको हो सो को विवरण उल्लेख गरी प्रकोप नियन्त्रण गर्न स्थानीय कृषि सहकारी एवं कृषक समूहहरुलाई समेत परिचालित हुन आह्वान गरिनेछ।

(३) यस्तो प्रविधि प्रयोग गरी प्रकोप नियन्त्रण भैसकेपछि प्रयोग भएको विषादी र परेको प्रभाव बारेमा विवरण तयार गरी नगरपालिकामा पेश गर्नुपर्नेछ।

(४) आकस्मिक बाली संरक्षण (जैविकविषादी) कुनै बाली विशेषको लागि प्रयोग गरिने हुँदा अन्य बालीमा समेत उपयुक्त विषादी प्रयोगका लागि प्रोत्साहित गरिनेछ।

१०.३ **आर्थिक मापदण्ड :**

कृषकहरुलाई आकस्मिक बाली संरक्षण (जैविक विषादी) पूर्ण अनुदानमा उपलब्ध गराईनेछ।

११. **माटो परिक्षण शिविर संचालन तथा कृषि चून प्रयोग :**

खेतियोग्य जमिनको माटोको समस्याहरुलाई प्रष्ट्याउने अभियानको रुपमा योजनाबद्ध रुपले माटो परिक्षण शिविर सञ्चालन गरिनेछ । केन्द्रीय प्रयोगशालाको समन्वय र सहकार्य वा ईजाजत प्राप्त निजी क्षेत्रबाट यस्तो माटो परिक्षण शिविर सञ्चालन गरिनेछ।

११.१ **उद्धेश्य** :

(१) कृषकहरुलाई सहभागितामा स्थलगत रुपमा माटोको विश्लेषण र उर्वराशक्तिको जानकारी प्राप्त हुनेछ।

(२) माटोको स्थलगत विश्लेषण कार्य गरी माटो व्यवस्थापन सम्बन्धी प्रविधिहरु सिफारिस गरिनेछ। माटोको गुँणस्तर कायम गरी बाली उत्पादन र उत्पादकत्व बृद्धि गर्न कृषि चुन प्रयोगका बारेमा कृषकहरुलाई ज्ञान, सिप प्राप्त हुनेछ।

११.२ **कार्यविधि** :

(२) माटो परिक्षण शिविर सञ्चालन गर्न आवश्यक पर्ने रसायन, उपकरणहरु र प्राविधिक सेवाका लागि केन्›य प्रयोगशालासँग सहकार्य र समन्वय गरिनेछ।

(३) शाखाले कार्यक्रमबारे कृषकहरुलाई समयमै सुसुचित गराउने र कार्यक्रमको व्यवस्थापन गर्नुपर्नेछ।

(४) माटो परिक्षण शिविर ७ दिन सञ्चालन गरिनेछ।

(५) माटो परिक्षण नतिजाको आधारमा देखिएको अम्लियपन घटाउन कृषि चुन प्रयोग गर्न सिफारिस गरिनेछ।

(६) माटो परिक्षण नातिजाको आधारमा माटोमा सिफारिस गरिए अनुसार कृषि चुन प्रयोग गर्नका लागि कृषकको माग भएमा ५० प्रतिशत अनुदानमा ढुवानी गरी वितरण गर्नुपर्दछ।

११.३ **आर्थिक मापदण्ड** :

अनुसुची ३ मा उल्लेख भए बमोजिम हुनेछ।

१२. **शहरी कौसी खेती कार्यक्रम** :

शहरी क्षेत्रमा घरको छत, कौशी, बरण्डा आदिमा कुनै खास जात वा किसिमका तरकारी, पुष्प, साना फलफुलको खेती गर्न कौशी खेती पद्धतीलाई जोड दिईनेछ।

१२.१ **उद्देश्य** :

नगरको वातावरण स्वच्छ, हराभरा र शुद्ध बनाउन सहयोग पुऱ्याउनुका साथै ताजा तरकारी र फलफुलको उत्पादनले स्वस्थकर जीवन जिउन मद्दत गर्नेछ।

१२.२ **कार्यविधि** :

ईच्छुक शहरी कृषकहरुलाई १५ दिन सम्मको सूचनाको आधारमा माग संकलन गरिनेछ। संकलित आवेदनका आधारमा उपयुक्त किसान छनौट गरी कार्यक्रम सञ्चालन गरिनेछ।

१२.३ **आर्थिक मापदण्ड** :

कौशी खेती गर्ने कृषकहरुलाई तालिम र तरकारीको मिनिकीट शत प्रतिशत अनुदानमा वितरण गरिनेछ।

१३. **कम्पोष्ट विन वितरण कार्यक्रम** :

घरायसी सरसफाई एवं प्रांगारिक मलको अधिकतम उपयोग गर्ने अभिप्रायले कम्पोष्ट विन परल मूल्यको ५० प्रतिशत अनुदानमा सर्वसाधारणलाई वितरण गरिने छ।

१४. **वफर जोन कार्यक्रम** (**वादर लाग्ने क्षेत्र**) **मसला वाली कार्यक्रम** (**अदुवा र वेसार विउ वितरण कार्यक्रम**) :

१४.१ **उद्धेश्य** :

वादर लाग्ने क्षेत्रमा वैकल्पिक खेतिको रुपमा अदुवा वेसार उत्पादन गरी मसलाको रुपमा प्रयोग गरिने छ।

१४.२ **आर्थिक मापदण्ड** :

खास गरी वफर जोन क्षेत्रमा अदुवा वेसारको विउ शतप्रतिशत अनुदानमा वितरण गरिनेछ।

१५. **बेमौसमी तरकारी खेतीको लागि प्लाष्टिक टनेल कार्यक्रम** :

यस दफाको प्रयोजनका लागि सामान्यता देहाय बमोजिमको क्षेत्रफलमा खेती गरेको भएमा व्यवसायिक खेती सम्झनु पर्दछ।

| वाली | क्षेत्रफल | | | कैफियत |
|---|---|---|---|---|
| | उच्च पहाड | मध्य पहाड | तराई | |
| तरकारी वाली | २ रोपनी | ३ रोपनी | १० कट्टा | |
| खाधान्न वाली | ५ रोपनी | ५ रोपनी | १० कट्टा | |
| मौरी | १० | २० | २० | आधुनिक घर |
| कन्ये र गोब्रे च्याउ | | १० के.जी | १० के.जी | विउको प्रयोग |
| सिताके च्याउ | ५०० मुढा | ५०० मुढा | ५०० मुढा | |
| फलफुल | १ रोपनी | १ रोपनी | ५०० मुढा | |
| अलैची | १ रोपनी | १ रोपनी | ५ कट्ठा | |
| अदुवा र बेसार | ५ रोपनी | ५ रोपनी | ५ कट्ठा | |
| प्लाष्टिक घर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | ३०० वर्ग मिटर | |

१५.१ **टनेलमा गोलभेडा खेती कार्यक्रम :**

गोलभेडाको बढ्दो बजार मागलाई सम्बोधन गर्नका लागि व्यवसायिक रुपमा खेती गर्ने कृषकहरुलाई ५० प्रतिशत अनुदान दिई टनेलमा खेति गर्नका लागि उत्प्रेरित गरिने छ।

१५.२ **कार्यविधि :**

(१) पकेट क्षेत्रमा व्यवसायिक गोलभेडा खेति गर्न उन्नत विउ, बेर्ना, रासायनिक एवं जैविक विषादी र रासायनिक तथा प्राङ्गारिक मल जस्ता उत्पादन सामाग्री सहयोग गरिने छ।

(२) यस्ता पकेट क्षेत्रमा सहभागितात्मक नविन उत्पादन प्रविधि प्रदर्शन एवं स्थलगत तालिम लगायतका प्रविधि हस्तान्तरणका कार्यक्रम संचालन गर्न सकिने छ।

(३) टनेल निर्माणका लागि देहायका सेवा सुविधा र पूर्वाधारहरु भएको हुनु पर्नेछ।

(क) सडकको पहुँच भएको वा हुन सक्ने हुनु पर्नेछ।

(ख) सिंचाईको उपलब्धता भएको वा हुन सक्ने हुनु पर्नछ।

(ग) विद्युतको उपलब्धता भएको वा हुन सक्ने हुनु पर्नेछ।

(घ) तोकिएको क्षेत्रफल चक्लाबन्दी भएको वा हुनसक्ने वा एउटै कोरिडोरमा रहेको हुनुपर्नेछ।

(ङ) वित्तिय संस्थाहरुको पहुँच भएको वा हुन सक्ने हुनु पर्नेछ।

(च) शाखासँगको पहुँच भएको हुनु पर्नेछ।

(१) अनुदानः

विनियोजित बजेटको परिधिभित्र रहि अनुसुची-४ मा उल्लेख गरिए अनुसार अनुमानित चालु तथा पूँजिगत खर्च हुने जस्तै मेशिनरी औजार, सिँचाई पूर्वाधार निर्माण तथा मर्मत सम्भार, प्रारम्भिक प्रशोधन पूर्वाधारहरु लगायतका पूर्वाधार विकास निर्माण लगायतका कुल खर्चमा नियमानुसार अनुदान उपलब्ध गराईनेछ।

## अनुसूची–१

(मापदण्डको दफा ३.२ सँग सम्बन्धित)

दर्ता नं.

आ.व.

**तारकेश्वर नगरपालिका**

**नगर कार्यपालिकाको कार्यालय**

**धर्मस्थली, काठमाडौं**

**कृषक समुह, कृषि सहकारी कृषि फार्म दर्ता प्रमाण– पत्र**

समुह पद्धतिलाई सुव्यवस्थित गर्दै कृषि सेवा तथा प्रसार कार्यलाई टेवा पुर्याउने उद्धेश्यले यस नगरपालिकाको वडा नं .......मा गठित श्री ................. कृषक समुह/कृषि सहकारी/कृषि फर्म यस कार्यालयको अभिलेखमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ।

मितिः...................

.........................                    ....................................

शाखा प्रमुख                    प्रमुख प्रशासकीय अधिकृत

**नविकरण**

**समूहको नामः**

| नविकरण गरिएको मिति | अवधि | नविकरण गर्ने अधिकृतको सही | कार्यालयको छाप | समूह, सहकारी, फर्मको अध्यक्षको नाम | कैफियत फोन नं |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | | | |

**नोटः प्रत्येक वर्ष नविकरण गर्नुपर्नेछ।**

**अनुसूची–२**

(मापदण्डको दफा ६.३.१ (३) सँग सम्बन्धित)

**खाद्यान्न बाली उत्पादन प्रतियोगितामा भाग लिने कृषकले भर्ने निवेदन फाराम**

मितिः.................

श्री नगर कृषि शाखा,

तारकेश्वर नगरकार्यपालिकाको कार्यालय,

धर्मस्थली, काठमाडौं ।

नगरपालिकाको लागि प्रतियोगिताको नियम अनुसार यहि सालको खाद्यान्न, व्यवसायिक तरकारी, च्याउ, मौरी उत्पादन, पुष्प खेती, फलफुल खेती प्रतियोगितामा भाग लिन इच्छुक भएको हुँदा मेरो/हाम्रो नाम दर्ता गरी पाउन अनुरोध गर्दछु/गर्दछौं । प्रतियोगिताको लागि मैले/हामीले लगाएको वाली कटानि गर्ने भन्दा कम्तिमा ७ दिन अगावै कृषि प्राविधिकसँग वाली काट्ने दिन निश्चित गरी प्रतियोगिताको नियममा उल्लेख भए बमोजिम निम्नानुसार महानुभावहरुको सामुन्ने नमूनाको लागि छानिएको जग्गाबाट वाली काटी, चुटी हुन आएको उब्जनीको परिमाण दिन मेरो/हाम्रो मन्जुरी भएको र कार्यालय वा सम्बन्धित प्राविधिकको अनुमति बिना अगावै बाली नकाट्न समेत मन्जुरी छ । यदि जानकारी नदिई वालि काटेको खण्डमा प्रतियोगितामा म/हामी समावेश हुने छैन/छैनौ । यो निवेदनमा उल्लेखित व्यहोरा मन्जुरी भएकोले प्रतियोगोतामा भाग लिन पाउन अनुरोध गर्दछु/गर्दछौ ।

.............

दस्तखत

निवेदक/कृषकको नाम ...............

तारकेश्वर नगरपालिका वडा नं. ..............

प्रतियोगितामा लगाउने विउको

नाम ..................................................

जात ..................................................

परिमाण ..............................................

कहाँबाट प्राप्त गर्ने ..................................

वाली लगाउने ठाउँको नाम ......................

वाली कटानी गरी तौल निकालिदा उपस्थित हुनेहरु

## अनुसूची–३

## कृषि विकास कार्यक्रमको खर्च नम्स

| सि.नं | नम्सको विवरण | इकाई | दर रु | कैफियत |
|---|---|---|---|---|
| १ | प्रशिक्षक भत्ता (वाहिरबाट श्रोत व्यक्ति) | प्रति व्यक्ति प्रति कक्षा | २५०० | प्रशिक्षक भत्ता १५००।- कार्यपत्र १०००।- |
| २ | प्रशिक्षक भत्ता (कार्यालय भित्रबाट श्रोत व्यक्ति) | प्रति व्यक्ति प्रति कक्षा | २००० | प्रशिक्षक भत्ता १२००।- कार्यपत्र ८००।- |
| ३ | सहजकर्ता पारिश्रमिक | प्रति दिन | १००० | |
| ४ | कार्यक्रम संयोजनक | प्रति दिन | १००० | |
| ५ | व्यवस्थापन सहयोगी | प्रति दिन | ७०० | |
| ६ | कार्यक्रम सहयोगी | प्रति दिन | ५०० | |
| ७ | खाजा तथा चिया खर्च | प्रति व्यक्ति दिन | २०० | |
| ८ | सहभागी स्टेशनरी | प्रति दिन | १०० | डटपेन कपी ई |
| ९ | तालिम स्टेशनरी | लमसम प्रति व्यक्ति | ५०० | मार्कर, ब्राउन पेपर ई |
| १० | उदघाटन समापन खर्च | प्रति तालिम | ४००० | |
| ११ | प्रतिवेदन लेखन (नेपाली) | प्रति तालिम | २००० | |
| १२ | सहभागीलाई यातायात खर्च | प्रति व्यक्ति प्रति दिन | ५०० | |
| १३ | हल भाडा | प्रति दिन | २००० | |
| १४ | अनुगमन खर्च २ जना | प्रति दिन | २००० | |
| १५ | समिति बैठक भत्ता ७ जना | प्रति बैठक | १५००० | |
| १६ | खाना खर्च | प्रति व्यक्ति प्रति छाक | ४५० | |
| १७ | आवासिय तालिम खर्च | प्रति व्यक्ति प्रति दिन | २००० | खाना र वास समेत |
| १८ | आवश्यक अन्य सामाग्रिहरु | प्रति कार्यक्रम | ५००० | |
| १९ | व्यवस्थापन खर्च | प्रति कार्यक्रम | ४०००० | धान दिवस र माटो परिक्षण कार्यक्रम |
| २० | विविध खर्च | प्रति कार्यक्रम | २०००० | उत्कृष्ठ कृषक पुरस्कार कार्यक्रमको पुरस्कारको लागि समेत |
| २१ | माटो परिक्षण | प्रति नमुना | २०० | |

**नोटः पुरस्कारमा करकट्टि व्यवस्था नियमानुसार हुने छ।**

**अनुसूची-४**

(दफा १५.२ (४) सँग सम्बन्धित)

**<u>पुँजीगत खर्च अनुमान</u>**

**(गोलभेडा खेतीका लागि २० X ५५ मिटर आकारको प्लाष्टिक घर (टनेल) निर्माण गर्न लाग्ने अनुमानित चालु तथा पुँजीगत खर्च विवरण)**

| क्रसं | निर्माण सामग्री | परिमाण | दर रु. | जम्मा रु. | कै. |
|---|---|---|---|---|---|
| १ | बाँसको ठाडो भाटा ५.५को ४० पिस | १० वटा | ३२०।- | ३२००।- | |
| २ | बाँसको तेश्रो भाटा ६ मि. को १२ पिस | ४ वटा | ३२०।- | १२८०।- | |
| ३ | बाँसको धुरी खामो १२ पिस | ६ वटा | ३२०।- | १९२०।- | |
| ४ | बाँसको बलेसी खामो २४ पिस | ८ वटा | ३२०।- | २४६०।- | |
| ५ | बाँसको वला | १२ वटा | ३२०।- | २५६०।- | |
| ६ | मिस्त्रि | २ जना | १२००।- | २४००।- | |
| ७ | ज्यामी | ३ जना | १२००।- | ३०००।- | |
| ८ | सुतरी | ६ के.जि | २९०।- | १७४०।- | |
| ९ | किल्ला,काटी | ६ के.जि | १००।- | ६००।- | |
| १० | प्लाष्टिक (१२० गेज) | १ सेट | | १२०००।- | |
| ११ | थोपा सिँचाई, ५०० लि. ट्याङ्कि,मल्चिङ प्लाष्टिक सहित | १ सेट | | ३०,०००।- | |
| १२ | थर्मोमिटर | १ वटा | | ३०००।- | |
| १३ | जि.आई.तार | ७ के.जि | १५०।- | १०५०। | |
| १४ | स्प्रेयर | १ थान | | १४०००।- | |
| १५ | डिजिटल तराजु | १ थान | | १५०००।- | |
| १६ | पानी तान्ने मेसिन | १ थान | | १२०००।- | |
| १७ | तरकारी राख्ने क्रेट | १० थान | ५००।- | ५०००।- | |
| | जम्मा | | | १,१२,५७०।- | |

**चालु खर्च अनुमान**

| क्र. सं | सामाग्रिको विवरण | परिमाण | दर रु. | जम्मा रु | कैफियत |
|---|---|---|---|---|---|
| १ | गोलभेडाको विउ | २०० ग्राम | ४५०।- | ४५०।- | |
| २ | डि.ए.पि. | ५ के.जि | ६०।- | ३००।- | |
| ३ | पोटास | २ के.जि | ६०।- | १२०।- | |
| ४ | प्राङ्गारिक मल | १०० के.जि | ५०।- | ५०००।- | |
| ५ | पाईप | १ रोल | | २०००।- | |
| ६ | डिस्प्ले वोर्ड | १ वटा | | १०००।- | |
| जम्मा | | | | ८८७०।- | |
| क को खर्च जम्मा खर्च रु. | | | | ११२,५७०।- | |
| क ख को जम्मा खर्च रु. | | | | १२१,४७०।- | |